# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (५), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, आश्विन ०८ गते, २०७८ साल, संख्या ७**


**भाग-२**

**नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली, कार्यविधि तथा निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# सूर्योदय नगरपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि – २०७८

**सूर्योदय नगरपालिका**

**इलाम**

## सूर्योदय नगरपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि – २०७८

कार्यपालिकाबाट स्वीकृत मिति: २०७८।०६।०७

<u>**प्रस्तावना:**</u> स्थानीय सरकारलाई उपलब्ध श्रोत साधनको परिचालन एवं उपयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारिता ल्याई आर्थिक सुशासन कायम गर्न, सरकारी खर्चहरू कानूनद्वारा सीमाबद्ध, सुव्यबस्थित एवं प्रभावकारी बनाउन वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ३१ बमोजिम नगरपालिकाले सञ्चित कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि - २०७८ तर्जुमा गरेको छ।

### परिच्छेद १

### <u>प्रारम्भिक</u>

१. संक्षिप्त नाम र प्रारम्भः <u>यस कार्यविधिको नाम</u> " सूर्योदय नगरपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **"असुल उपर गर्नु पर्ने रकम"** भन्नाले प्रचलित कानून बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नु पर्ने भनी लेखापरीक्षण हुँदा ठहर्याइएको बेरुजु रकम सम्झनु पदर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम कलमलाई समेत जनाउँछ।

(ख) **"अन्तिम लेखापरीक्षण"** भन्नाले महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण सम्झनु पदर्छ।

(ग) **"आन्तरिक लेखापरीक्षण"** भन्नाले सूर्योदय नगरपालिकाको तोकिएको शाखा वा अधिकृतबाट हुने आन्तरिक लेखापरीक्षण सम्झनु पदर्छ।

(घ) **"आर्थिक वर्ष"** भन्नाले हरेक वर्षको साउन महिनाको एक गते देखि अर्को वर्षको आषाढ महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधि सम्झनु पदर्छ।

(ङ) **"ऐन"** भन्नाले सूर्योदय नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ सम्झनु पदर्छ।

(च) **"एक तह माथिको अधिकारी"** भन्नाले वडा सचिव र बिषयगत शाखा प्रमुखको हकमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतको हकमा नगरपालिकाको प्रमुख र प्रमुखको हकमा नगर कार्यपालिका सम्झनु पदर्छ।

(छ) **"कार्यक्रम"** भन्नाले निश्चित उदेश्य प्राप्तिको लागि सञ्चालन हुने निश्चित अवधिको कार्यक्रम सम्झनु पदर्छ सो र शब्दले वार्षिक विकास कार्यक्रमलाई समेत जनाउँछ ।

(ज) **"कारोबार"** भन्नाले सरकारी चल, अचल, नगद तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित कानुन बमोजिम निर्धारित काममा खर्च वा दाखिला गर्ने सम्बन्धी सम्पूर्ण काम सम्झनु पदर्छ ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पदर्छ।

(ञ) **"कार्यालय"** भन्नाले सूर्योदय नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र सो शब्दले सूर्योदय नगरपालिका मातहत रहेका विभाग वा महाशाखा वा बिषयगत शाखा/उपशाखा वा कार्यालय वा एकाइहरुलाई समेत जनाउनेछ ।

(ट) **"कार्यालय प्रमुख"** भन्नाले खण्ड (झ) र (ञ) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको अधिकारी सम्झनु पदर्छ ।

(ठ) **"नगरपालिका"** भन्नाले सूर्योदय नगरपालिका सम्झनु पर्छ ।

(ड) **"जिम्मेवार व्यक्ति"** भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अधिकार प्रदान गरे बमोजिमको कार्य संचालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने गराउने कर्तव्य भएको व्यक्ति सम्झनु पदर्छ र सो शब्दले सूर्योदय नगरपालिकाको कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फर्स्याउने जिम्मा लिने जुनसुकै व्यक्ति समेतलाई जनाउँछ ।

(ढ) **"तालुक कार्यालय"** भन्नाले वडा कार्यालय तथा बिषयगत कार्यालयको हकमा सूर्योदय नगर कार्यपालिकाको कार्यालय सम्झनु पदर्छ ।

(ण) **"आन्तरिक लेखापरीक्षण वडापत्र"** भन्नाले प्रचलित आन्तरिक लेखापरीक्षण मान र आन्तरिक लेखापरीक्षण सम्बन्धी असल अभ्यास बमोजिम सूर्योदय नगरपालिबाट स्वीकृत आन्तरिक लेखापरीक्षण वडापत्र सम्झनु पदर्छ ।

(त) **"बजेट संकेत"** भन्नाले नेपाल सरकारले स्वीकृत गरेको आर्थिक संकेत तथा वर्गीकरणको अधीनमा रही नगर पालिकाको कार्यालय, बिषयगत शाखा, वडा कार्यालय वा सो सरहको क्षेत्राधिकार भएका आयोजना, कार्यक्रम आदिको कार्य प्रकृति र संगठन समेत छुट्टिने गरी सूर्योदय नगरपालिकाले दिएका संकेतलाई जनाउँछ ।

(थ) **"बेरुजु"** भन्नाले प्रचलित कानून बमोजिम पुर्याउनु पर्ने रीत नपुर्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहर्याइएको कारोबार सम्झनु पदर्छ ।

(द) **"मातहत कार्यालय"** भन्नाले सूर्योदय नगरपालिका मातहत रहेका वडा कार्यालय वा विभाग वा महाशाखा वा बिषयगत शाखा/उपशाखा वा कार्यालय वा एकाइहरु सम्झनु पदर्छ ।

(ध) **"लेखा"** भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात र प्रतिवेदनका साथै विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाईं सम्झनु पदर्छ ।

(न) **"लेखा उत्तरदायी अधिकृत"** भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेट तथा कार्यक्रम अनुसार हुने आर्थिक कारोवारको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी, जिन्सी  र अन्य जुनसुकै कारोवारको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तव्य भएको सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाईं सम्झनु पदर्छ।

(प) **"लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण समिति"** भन्नाले आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा २९ बमोजिमको लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण समिति सम्झनु पर्दछ ।

(फ) **"विनियोजन"** भन्नाले सूर्योदय नगरपालिकाको नगर सभाद्वारा विभिन्न कार्यका लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनु पदर्छ ।

(ब) **"वित्तीय विवरण"** भन्नाले नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोवारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको विवरण सम्झनु पदर्छ र सो शव्दले कारोवारको स्थिति दर्शाउने गरी उप-शीर्षकका आधारमा वनाइएको बजेट अनुमान, निकासा, खर्च, आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्वन्धित लेखा, टिप्पणी र खुलासा समेतलाई जनाउँछ ।

(भ) **"स्थानीय सञ्चित कोष"** भन्नाले, स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६९ बमोजिम सूर्योदय नगरपालिकाको सञ्चित कोष सम्झनु पदर्छ ।

(म) **"सभा"** भन्नाले सूर्योदय नगरपालिकाको नगर सभा सम्झनु पदर्छ ।

(य) **"संपरीक्षण"** भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फर्स्यौट सम्वन्धी कार्यलाई सम्झनु पदर्छ र सो शब्दले सभाबाट गठित लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने परीक्षण वा अनुगमन कार्य समेतलाई जनाउँछ ।

(र) **"कार्यपालिका"** भन्नाले सूर्योदय नगरपालिकाको नगर कार्यपालिका सम्झनु पदर्छ ।

(ल) **"सार्वजनिक जवाफदेहीको पद"** भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए तापनि कुनै रूपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनु पदर्छ ।

(व) **"बिषयगत शाखा"** भन्नाले सूर्योदय नगरपालिका अन्तर्गत रहेको विभाग, महाशाखा, बिषयगत शाखा, कार्यालय वा एकाइलाई सम्झनु पदर्छ ।

## परिच्छेद २

## आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण

३. आन्तरिक नियन्त्रण सम्बन्धी व्यबस्था: (१) कार्यालयबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र जोखिमरहित ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न, कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कार्यालयको कामको प्रकृति अनुसार नियन्त्रणको वातावरण, सम्भावित जोखिम, नियन्त्रणको उपाय, सूचना र सञ्चार, अनुगमन गर्ने निकाय र विधि लगायतका विषय समेट्नु पर्नेछ ।

(३) आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्न जिम्मेवार अधिकृत तोकी अनुगमन गर्ने र सोको प्रतिवेदन दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्राप्त प्रतिवेदन लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिमा पेश गर्न लगाउनु पर्नेछ ।

४. लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको बैठक सम्बन्धी कार्यविधि: (१) लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको वैठकमा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिले कार्यालयबाट आन्तरिक नियन्त्रण प्रणालीको परिपालना भए नभएको सम्बन्धमा मूल्यांकन गर्नु पर्नेछ । त्यसरी मूल्यांकन गर्दा कुनै विषय सुधार गर्नु पर्ने देखिएमा सो विषय खुलाई अविलम्ब सुधार गर्न निर्देशन दिनु पर्नेछ ।

५. आन्तरिक लेखापरीक्षण सम्बन्धी व्यबस्था: (१) नगरपालिकाले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ ।

(२) विनियोजन, राजश्व, धरौटी, आम्दानी तथा खर्च वा सम्पति तथा दायित्व र प्रचलित कानून बमोजिम खडा भएको कार्यालय सञ्चालन वा अन्य सार्वजनिक कोषको लेखापरीक्षण आन्तरिक लेखापरीक्षणको लागि खटिएको आन्तरिक लेखापरीक्षकलाई उपलव्ध गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको लेखापरीक्षणबाट आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्नेछ।

(४) आन्तरिक लेखापरीक्षणको एक प्रति अन्तिम लेखापरीक्षणका लागि खटिने डोर वा महालेखापरीक्षकले तोकेको व्यक्ति वा निकायलाई उपलव्ध गराउनु पर्नेछ।

## परिच्छेद ३

## आन्तरिक लेखापरीक्षक सम्बन्धी व्यवस्था

६. आन्तरिक लेखापरीक्षक तोक्ने: (१) नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखा प्रमुखलाई सम्बन्धित स्थानीय तहको आन्तरिक लेखापरीक्षण गर्न आन्तरिक लेखापरीक्षक तोक्नु पर्नेछ।

(२) नगरपालिकाले आन्तरिक लेखापरीक्षणको लागि महालेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्न सक्नेछ।

(३) अन्तर-सरकारी अख्तियारी अन्तर्गत भएको निकासा खर्चको आन्तरिक लेखापरीक्षण सम्बन्धित अख्तियारी दिने निकायको आन्तरिक लेखापरीक्षकले गर्नेछ।

## परिच्छेद ४

## आन्तरिक लेखापरीक्षण कार्य

७. आन्तरिक लेखापरीक्षणको विषय: (१) आन्तरिक लेखापरीक्षण गर्दा सार्वजनिक स्रोतको प्राप्ति र उपयोगको सम्बन्धमा देहायका विषयहरूको सुनिश्चित गरी लेखापरीक्षण गर्नु पर्दछ।

(क) आर्थिक विवरण तोकिएको ढाँचामा तयार भई कारोबारको यथार्थ स्थिति चित्रण भएको, विनियोजन ऐन बमोजिम स्वीकृत सीमाभित्र रही सोही ऐन बमोजिम निर्दिष्ट प्रयोजनमा खर्च गरेको,

(ख) राजस्व लगायत समस्त आम्दानि, धरौटी, असुली र दाखिला गरेको,

(ग) सरकारी सम्पत्तिको अभिलेख, उपयोग र संरक्षणको पर्याप्त व्यवस्था गरेको,

(घ) आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी रहेको,

(ङ) आर्थिक कारोबार गर्दा ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने यथेष्ट प्रमाण राखेको,

(च) बजेट तथा कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति हासिल गरेको।

(छ) खरिद कार्य गर्दा खरिद कानूनको परिपालना भएको।

(ज) रकमान्तर/श्रोतान्तर गर्दा आर्थिक कार्यविधिको पालना गरेको।

(२) आन्तरिक लेखापरिक्षकले लेखापरीक्षण गर्दा देहायको कुराको जाँच गर्नुपर्नेछ।

(क) कार्यालयमा हुने विनियोजन, राजश्व, धरौटी, सम्पति तथा अन्य सरकारी कोषको आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया अनुरूप भए नभएको,

(ख) कार्यालयको लागि आवश्यक मालसामान, निर्माण कार्य तथा परामर्श सेवा खरिद गर्दा खरिद कानूनको पालना भए नभएको,

(ग) कार्यालयको वित्तीय साधनको उपयोग, मितव्ययी तरिकाले दक्षतापूर्वक, प्रभावकारी रूपमा भए वा नभएको,

(घ) रकमान्तर/श्रोतान्तर गर्दा आर्थिक कार्यविधिको पालना भए नभएको,

(ङ) तोकिएको समयमा पेस्की फस्यौंट भए नभएको र फस्यौंट हुन बाँकी रहे नरहेको,

(च) कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुरूप लक्ष्य प्राप्ति गरे वा नगरेको,

(छ) कार्यालयको वित्तीय प्रतिवेदनले आर्थिक कारोवारको सही र यथार्थ चित्रण प्रस्तुत गरे वा नगरेको,

(ज) आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त रहे वा नरहेको,

(झ) प्रमुख प्रशासकीय अधिकृतले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र राजस्व तथा हसवली राजस्वको लेखा रहे वा नरहेको निरीक्षण गरी सोको अभिलेख अध्यावधिक गर्न लगाएको वा नलगाएको,

(३) आन्तरिक लेखापरीक्षकले सम्बन्धित नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ र नियमावली बमोजिम विचार गर्नु पर्ने विषयहरू समावेश भएको आन्तरिक लेखापरीक्षण जाँच सूची (चेकलिष्ट) अनुसूची – १ बमोजिम तयार गरी सोको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु पर्नेछ ।

(४) आन्तरिक लेखापरीक्षकले उपनियम (३) बमोजिमको आन्तरिक लेखापरीक्षण जाँच सूचीमा समावेश सूचकहरुका अतिरिक्त आन्तरिक लेखापरीक्षण योजना बमोजिम आवश्यक महशुस गरेका थप सुचकहरु सूचीमा समावेश गर्न सक्नेछ।

७. आन्तरिक लेखापरीक्षण योजना: (१) आन्तरिक लेखापरीक्षण शाखाले यस कार्यविधि बमोजिम आन्तरिक लेखापरीक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण योजना तयार गर्न सक्नेछ ।

(२) आन्तरिक लेखापरीक्षकले नगरपालिकाको उद्देश्य प्राप्तिमा रहेका जोखिमको पहिचान र विश्लेषण गरी आन्तरिक लेखापरीक्षण कार्यलाई जोखिममा आधारित बनाउन प्रयत्न गर्नु पर्नेछ ।

८. आन्तरिक लेखापरीक्षण विधि: (१) आन्तरिक लेखापरीक्षकले लेखापरीक्षण उद्देश्य प्राप्तिका लागि उपयुक्त विधि अवलम्बन गरी आन्तरिक लेखापरिक्षण कार्य सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आन्तरिक लेखापरीक्षकलाई लेखापरीक्षण कार्यसँग सम्बन्धित सूचना, स्रेस्ता, प्रमाण कागजात, लेखापरीक्षको सिलसिलामा उठेका सवालको जवाफ एवं अभिलेखहरुको पहुँच उपलव्ध गराउनु कार्यालयको कर्तव्य हुनेछ ।

(३) उपनियम (२) बमोजिम आन्तरिक लेखापरिक्षकले प्राप्त गरेको सूचना एवं जानकारीहरु कानूनको पालनाका सिलसिलामा बाहेक गोप्य राख्नु लेखापरीक्षकको कर्तव्य हुनेछ ।

(४) लेखापरीक्षकले आन्तरिक लेखापरीक्षण कार्य सम्पादन गर्दा र अन्य समयमा, कार्यालयमा र जुनसुकै स्थानमा लेखापरीक्षकको आचरणको पालना गर्नु पर्नेछ ।

(५) आन्तरिक लेखापरीक्षण शाखाले स्वीकृत लेखापरीक्षण योजना बमोजिम मासिक रुपमा आन्तरिक लेखापरीक्षण कार्य सम्पादन गर्नु पर्नेछ।

९. आन्तरिक लेखापरीक्षण प्रतिवेदन: (१) आन्तरिक लेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण टिपोट, चेकलिष्ट र अन्य विवरणको आधारमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ।

(२) कार्यालयले उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गरे वा नगरेको र कुनै बेरूजु कायम भएकोमा त्यस्तो बेरूजु समयमै फर्स्यौट गरे वा नगरेको सम्बन्धमा अनुगमन गर्नु पर्नेछ।

(३) आन्तरिक लेखापरीक्षकले मासिक रुपमा आन्तरिक लेखापरीक्षण गरेको अवस्थामा पनि चौमासिक रुपमा प्रतिवेदन तयार गरी पेश गर्न सक्नेछ।

## परिच्छेद ५

## बेरूजु फर्स्यौट तथा विवरण अध्यावधिक गर्ने

१०. आन्तरिक लेखापरीक्षणबाट देखिएको कैफियत तथा बेरूजु फर्स्यौट गर्ने: (१) कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका कैफियत सम्बन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधि भित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्नु पर्ने भए नियमित गराई बेरूजु फर्स्यौट गर्नु गराउनु पर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आफैले नियमित गर्न नसक्ने बेरूजुलाई नियमित गर्नको लागि आवश्यक विवरण सहित अख्तियारी प्राप्त अधिकारी वा निकायसमक्ष पेश गर्नु पर्नेछ।

(३) उपनियम (३) बमोजिम प्रमाण कागजात प्राप्त भएपछि अख्तियारी प्राप्त अधिकारी वा निकायले त्यस्तो बेरूजु नियमित गर्नु पर्ने देखिएमा नियमित गरिदिनु पर्नेछ।

(४) कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरूजुको व्यहोरा, कायम भएको बेरूजु र फर्स्यौट हुन बाँकि रहेको बेरूजुको विवरण अन्तिम लेखापरीक्षक समक्ष पेश गर्नु पर्नेछ।

(५) कार्यालयले अन्तिम लेखापरीक्षण भई प्रतिवेदन प्राप्त भएको पन्ध्र दिन भित्र आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण गर्दा देखिएको बेरूजुको तुलनात्मक विवरण अध्यावधिक गरी अनुसूची – २ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

११. बेरूजुको लगत: (१) लेखापरीक्षण प्रतिवेदनमा औल्याईएको बेरूजुको लगत अनुसूची -३ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लगत राखेपछि आन्तरिक लेखापरीक्षणको लगत कायम हुनेछैन।

(३) कार्यालयले यस कार्यविधि बमोजिम राख्नुपर्ने वेरुजुको लगत विद्यूतीय माध्यममा राख्न सक्नेछ।

## परिच्छेद ६

## विविध

१२. लेखापरीक्षण सहजीकरण समिति:  (१) नगरपालिकाबाट सम्पादन गरिने कार्यहरुमा आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरी प्रभावकारी, दक्षतापूर्ण एवं मितव्ययी रुपमा कार्य सम्पादन गर्न, वित्तीय प्रतिवेदनहरुलाई समयमै तयार गर्न तथा विश्वसनीय बनाउन, बेरुजु फस्र्यौट गर्न गराउन नगरकार्यपालिकाले आफूमध्येबाट तोकेको सदस्यको अध्यक्षतामा, नगरपालिकाको आन्तरिक लेखापरीक्षण गर्न तोकिएको अधिकृत, प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिकाको अधिकृत र प्राविधिक अधिकृतसमेत रहेको एक लेखापरीक्षण सहजीकरण समिति गठन गरी सहजीकरण सम्बन्धी कार्य गराउन सक्नेछ।

१३. आन्तरिक लेखापरीक्षण वडापत्र : (१) आन्तरिक लेखापरीक्षणको सेवा सञ्चालनमा आन्तरिक लेखापरीक्षकको व्यवसायिक दायित्व तथा आन्तरिक लेखापरीक्षण शाखाको जिम्मेवारी स्पष्ट गरि लेखापरीक्षण कार्यलाई स्वतन्त्र एवं वस्तुनिष्ठ बनाउन, लेखापरीक्षणका लागि आवश्यक सूचनामा पहुँचको सुनिश्चितता गर्न र आन्तरिक लेखापरीक्षणलाई गुणस्तरीय बनाउन नगरपालिकाले आन्तरिक लेखापरीक्षण वडापत्र जारी गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको वडापत्र तयार गर्दा आन्तरिक लेखापरीक्षण सम्बन्धी प्रचलित मान एवं असल व्यवसायिक अभ्यासलाई आधार लिन सकिनेछ।

१४. थप सामग्री निर्माण : नगरपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरिक्षण सम्बन्धी कार्यविधि – २०७८ कार्यान्वयनलाई सरल बनाउन नगरकार्यपालिकाले आवश्यक श्रोत/हाते पुस्तिका/कार्यसञ्चालन विधि जस्ता थप सामग्री बनाई लागू गर्न सक्नेछ।

१५. बचाउ : आन्तरिक लेखापरीक्षणका सम्बन्धमा यस अघी भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

<u>अनुसूची -१</u>

<u>नियम (७) को उपनियम (३) संग सम्बन्धित</u>

<u>सूर्योदय नगरपालिका</u>

कार्यालय कोड नं. ….

आन्तरिक लेखापरीक्षण जाँचसूची
(Internal audit checklist)

आन्तरिक लेखापरीक्षण गर्दा संभावित जोखिममा आधारित रहेर लेखापरीक्षण गर्न निम्नानुसार आन्तरिक लेखापरीक्षण जाँचसूची (Internal audit checklist) अनुसरण गर्नु पर्दछ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">परीक्षण गर्नुपर्ने विषय</th><th rowspan="2">छ</th><th rowspan="2">छैन</th><th colspan="3">वेरूजुको किसिम</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>असुल उपर</th><th>अनियमित</th></tr>
<tr><td>१.</td><td>प्रचलित कानूनी व्यवस्था</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२.</td><td>व्यवस्थापकीय अभ्यासको प्रभावकारीता<br><br>स्वीकृत दरवन्दी<br><br><table><tr><td>पदपूर्तिः</td><td>रिक्तः</td></tr></table><br><br>सूचना प्रविधिको प्रयोग भएको</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३.</td><td>मितव्ययिता, सेवा प्रवाह र खरिदमा पारदर्शिता</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४.</td><td>कार्यदक्षता</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५.</td><td>प्रभावकारीता कार्यको दिगोपना</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६.</td><td>आन्तरिक नियन्त्रण प्रणालीको समग्र मुल्याङ्कन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७.</td><td>श्रेस्ता तथा प्रतिवेदन तर्फको परीक्षण<br><br>▪ श्रेस्ता /कागजात रीतपूर्वक तयार गरी स्वीकृत गराइ "भुक्तानी भयो" भन्ने छाप<br>▪ श्रेस्तामा अंकगणीतिय शुद्दता कायम गर्न रूजु र भिडान गरी एकिन गरिएको<br>▪ खर्चको फाँटवारी लगायत विभिन्न प्रतिवेदनहरू तोकिएको</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | परीक्षण गर्नुपर्ने विषय | छ | छैन | वेरूजुको किसिम | | |
|---|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | असुल उपर | अनियमित |
| | *समयमा तयार गरी पेश गरेको*<br>▪ *गोश्वारा भौचर लगायतका कागजात र अभिलेख अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरेको*<br>▪ *महिनाको अन्तमा बैंक नगदी कितावको सन्तुलन परीक्षण गरेको*<br>▪ *बैंक हिसाव विवरण भिडेको*<br>▪ *कोलेनिकाको निकासा र खर्च बैंक नगदी कितावको कारोवारसंग भिडेको*<br>▪ *बजेट खर्च उप-शिर्षकमा विनियोजित रकमको सीमा भित्र रही खर्च भएको*<br>▪ *भुक्तानी दिन बाँकीको कच्चावारी कोलेनिका बाट प्रमाणित गराएको*<br>▪ *विगतको भुक्तानी गर्दा स्वीकृत कार्यक्रममा समावेश गरेको* | | | | | |
| ८. | विनियोजन तर्फको परीक्षणको जाँच सूची<br><br>तलव भत्ता<br><br>▪ *निजामती कितावखाना/कोलेनिका तथा अन्य सम्बन्धित निकायबाट तलवी प्रतिवेदन पारीत भएको*<br>▪ *हाजिरी अभिलेख संलग्न भएको*<br>▪ *गयल गरेको दिनको तलव कट्टा गरेको*<br>▪ *अन्य कार्यालयबाट काजमा आएको कर्मचारीलाई सोधभर्ना दिने गरी भुक्तानी गरिएको तलब सोधभर्ना प्राप्त गरेको*<br>▪ *नियमले तोकेको भन्दा बढी अवधि काजमा राखेको*<br>▪ *अग्रिम पारिश्रमीक कर कट्टी गरी राजश्व दाखिला भएको*<br><br>पेश्की<br><br>▪ *पेश्की दिंदा आवश्यकता भन्दा बढी नहुने गरी दिएको*<br>▪ *पेश्की फछ्र्यौटको लागी म्याद भित्र श्रेस्ता दर्ता भएको* | | | | | |

| सि.नं. | परीक्षण गर्नुपर्ने विषय | छ | छैन | वेरूजुको किसिम | | |
|---|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | असुल उपर | अनियमित |
| | ▪ *म्याद भित्र पेश्कि फछ्र्यौट नगरेकोमा व्याज असूली र अन्य कारवाही भएको*<br>▪ *पेश्कि लिने व्यक्ति वा संस्थाको विवरणको अभिलेख राखेको*<br>▪ *म्याद नाघेको र म्याद ननाघेको पेश्किको छुट्टा छुट्टै विवरण राखेको*<br>▪ *फर्म कम्पनी वा संस्थालाई पेस्कि दिंदा बैंक ग्यारेण्टी लिएको*<br>▪ *बील भुक्तानी गर्दा सम्झौता बमोजिम कटाउनु पर्ने पेश्की रकम कट्टा गरेको*<br>▪ *आर्थिक बर्षको अन्तमा फछ्र्यौट हुन नसकेको पेश्कि रकम अर्को आर्थिक बर्षमा जिम्मेवारी सारेको*<br>▪ *प्रतित पत्र अभिलेख राखेको*<br><br><u>जिन्सी</u><br><br>▪ *प्रत्येक आर्थिक बर्षमा जिन्सी निरिक्षण गर्ने गरेको*<br>▪ *प्रयोगमा नआउने जिन्सी सामानको लिलाम / बिक्री गरेको*<br>▪ *मर्मत संभार हुन सक्ने सामान लिलाम /बिक्रि गरेको*<br>▪ *अधिग्रहण वा खरिद गरेको जग्गा / भवनको धनीपूर्जा कार्यालयको नाममा प्राप्त गरेको*<br>▪ *मेशिनरी सामानको मर्मत संभारको अभिलेख राखेको*<br>▪ *हेभीईक्विप्मेन्ट भाडामा लिने दिने गरेकोमा नियमानुसार अभिलेख राखेको*<br><br><u>कर सम्बन्धि</u><br><br>▪ *नियम अनुसार कट्टी गर्नु पर्ने अग्रीम आयकर कट्टी गरी सम्बन्धित कोषमा दाखिला गरेको*<br>▪ *मालसामानको खरिद गर्दा  प्यान र मूल्यअभिबृद्दी करमा दर्ता भएको बिक्रेता बाट खरिद गरेको*<br>▪ *मूल्यअभिबृद्दी कर समावेश भएको बील भुक्तानी गर्दा सम्बन्धित राजश्व कार्यालयलाई जानकारी दिएको*<br>▪ *खरिद गरेको बीलको प्यान /भ्याट नम्बर आन्तरिक राजश्व* | | | | | |

| सि.नं. | परीक्षण गर्नुपर्ने विषय | छ | छैन | वेरूजुको किसिम | | |
|---|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | असुल उपर | अनियमित |
| | *कार्यालयको वेभसाइटमा भिडान गरेको*<br><br>तालिम, सेमिनार तथा बैठक भत्ता<br><br>▪ *तालिम,सेमिनार बैठक भत्ता तथा अन्य खर्चहरू स्वीकृत नर्म्स बमोजिम भएको*<br>▪ *तालिम, सेमिनार र बैठकको खर्च तोकिएको नर्म्स अनुसार बाँडफाँट गरी स्वीकृत गरेको*<br>▪ *वोलपत्र मूल्यांन समिति बाहेक एउटै निकाय अन्तर्गतका कर्मचारीहरू मात्र बसी वैठक भत्ता लिएको*<br>▪ *वैठक भत्ता भुक्तानी गर्दा कार्यालय समय अघि वा पछि बसेको बस्तुगत प्रमाण*<br>▪ *बैठक भत्ता कानून बमोजिमको समितिबाट गठित उपसमितिलाई मात्र भुक्तानी गरेको*<br>▪ *बैठकमा आमन्त्रित वा बिशेषज्ञ तिन जना भन्दा बढि राखिएको*<br><br>खरिद सम्बन्धि<br><br>▪ *सार्वजनिक खरिदमा रू दश लाख भन्दा माथिको खरिद गर्दा वार्षिक खरिद योजना तयार गरेको*<br>▪ *दश करोड भन्दा माथि वा बहुवर्षिया योजनाको खरिद गर्दा गुरू खरिद योजना तयार गरेको*<br>▪ *एकै पटक खरिद गर्न सकिनेमा बोलपत्र छल्ने उदेश्यले पउटै कामलाई टुक्रा टूक्रा गराई खरिद गरेको*<br>▪ *सार्वजनिक खरिद (निर्माण, मालसामान र सेवा) को लागत अनुमान तयार गर्दा प्रचलित स्वीकृत दर रेट बमोजिम गरेको*<br>▪ *मालसामान खरिद गर्दा आवश्यकता भन्दा बढी परिमाणमा खरिद गरेको*<br>▪ *बोलपत्र वा शिलबन्दी दरभाउपत्र बमोजिमका सबै मालसामान, निर्माण सामाग्री र सेवा आपूर्ति गरेको*<br>▪ *मालसामान वा सेवा खरिद गर्दा एक पटकमा वा एक आर्थिक बर्षमा एउटै व्यक्ति वा फर्मबाट पाँचलाख भन्दा बढीको खरिद* | | | | | |

| सि.नं. | परीक्षण गर्नुपर्ने विषय | छ | छैन | वेरूजुको किसिम | | |
|---|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | असुल उपर | अनियमित |
| | *गरेको*<br>▪ *सरकारी कामको लागि घर, जग्गा, गोदाम भाडा वा वहालमा लिई भुक्तानी दिइएकोमा रेण्ट कमिटिले निर्णय गरेको*<br>▪ *निर्माण कार्यको ड्रइङ्, डिजाइन तथा स्पेसिफिकेशन, नर्म्स र दर विश्लेषण सार्वजनिक खरिद नियमावली बमोजिम स्वीकृत भएको*<br>▪ *लागत अनुमान तयार गर्दा र सो बमोजिमको कार्य गर्दा लिड लिएकोमा सो वास्तविकतामा आधारित*<br>▪ *उपभोक्ता समिति बाट निर्माण कार्य गराउन प्राथमिकता दिनु पर्नेमा सो अनुसार गरेको*<br>▪ *पूर्व योग्यता निर्धारण प्रकृयाबाट निर्माण कार्य गराएको भए खरिद कानुनको प्रकृया पुरा गरेको*<br>▪ *प्राविधिक /परामर्श सेवा लिएकोमा खरिद कानुनको प्रकृया पुरा गरेको*<br>▪ *परामर्श सेवाको लागत अनुमानको दररेट वास्तविक बजार मूल्य भन्दा धेरै बढी हुने गरी कायम गरेको*<br>▪ *प्राविधिक /परामर्श सेवा लिएकोमा सो काम कार्यालयको जनशक्तिबाटै हुन सक्ने अवस्था*<br>▪ *निर्माण कार्यको लागत अनुमान, ड्रइङ,डिजाइन तथा बोलपत्र सम्बन्धित कागजातहरू अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएको*<br>▪ *बोलपत्रको सूचना सार्वजनिक खरिद कानूनको प्रावधान अनुसार भएको*<br>▪ *बोलपत्रको सूचना बमोजिम बिक्रि र दाखिला भएका वोलपत्रहरू छुट्टै कितावमा दर्ता गरी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरेको*<br>▪ *बोलपत्र मूल्याङ्कन समितिबाट प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्न गरेको*<br>▪ *भेरिएसन आदेश दिएको भए खरिद कानून बमोजिम गरेको*<br>▪ *निर्माण कार्य सम्पन्न भएपछि कार्यस्वीकार /कार्य सम्पन्न प्रतिवेदन तयार गरेको* | | | | | |

| सि.नं. | परीक्षण गर्नुपर्ने विषय | छ | छैन | वेरूजुको किसिम | | |
|---|---|---|---|---|---|---|
| | | | | सैद्दान्तिक | असुल उपर | अनियमित |
| | ▪ *कन्टिन्जेन्सी खर्चको खाता राखी, निर्माण कार्यसंग सम्बन्धित सीमा भित्र रही खर्च गरेको*<br>▪ *कम्प्युटराइज्ड नापी किताब तयार गरिएकोमा प्रत्येक पानामा पेज नं.राखी बाइण्डिङ गरी नापी किताब नियन्त्रण अभिलेख अध्यावधिक राखेको*<br>▪ *निर्माण व्यवशायी/आपूर्तिकर्ताले मूल्य अभिबृद्दी कर बीजक नं. हातले लेखेको वा सच्याई जारी गरेको*<br>▪ *डोर हाजिरी नियन्त्रण किताब नियमानुसार अध्यावधिक राखेको*<br><br>सशर्त र अन्य अनुदान<br><br>▪ *अनुदान खर्च गर्दा वार्षिक कार्यक्रममा लक्ष र उपलव्धि निर्धारण गरेर मात्र गरिएको*<br>▪ *अनुदान खर्च गर्दा खरिद कानुन बमोजिम आवश्यक प्रकृया पुरा गरेको*<br>▪ *सशर्त, समपुरक र विशेष अनुदान सहायताको रकम आ.व.को अन्त्य सम्ममा खर्च नभइ बाँकी रकम फ्रिज गरेको* | | | | | |
| ९. | राजश्व/आम्दानी तर्फको परीक्षणको जाँच सूची<br><br>▪ *निर्धारित लक्ष बमोजिमको सबै राजश्व रकम उठेको*<br>▪ *बाँकी राजश्व भए सो को लगत राखेको*<br>▪ *असुल भएको सबै रकम  दाखिला गरेको*<br>▪ *राजश्व आम्दानी प्राप्त गर्न प्रयोग गरिएका रसिदहरू अपचलन हुन नपाउने गरी रसिद नियन्त्रण खाताको व्यवस्था गरेको*<br>▪ *नगद बाहेक बैंक भौचरबाट प्राप्त राजश्व आम्दानीको रसिद दिने गरेको*<br>▪ *आम्दानी रसिदमा सिलसिलेवार रूपमा रसिद नम्बर छापिएको*<br>▪ *नगद प्राप्त रकम सोहि दिन वा भोलिपल्ट बैंक दाखिला गर्ने गरेको*<br>▪ *रसिद शंकास्पद किसिमले केरमेट गरी अंक सच्याएको वा* | | | | | |

| सि.नं. | परीक्षण गर्नुपर्ने विषय | छ | छैन | वेरूजुको किसिम | | |
|---|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | असुल उपर | अनियमित |
| | *थपघट गरेको*<br>▪ *काट्न बाँकी आम्दानी रसिद ठिक संख्यामा मौजुदा रहेको*<br>▪ *रद्द गरिएको रसिदका सबै प्रति ठेलीमा नै मौजुदा रहेको*<br>▪ *राजश्व कारोवारका लागि अनिवार्य रूपमा गोश्वारा भौचर तयार गर्ने गरेको*<br>▪ *आम्दानीको प्रत्येक बैंक भौचरमा "....मितिमा आम्दानी जनाइयो" भन्ने छाप लगाएको*<br>▪ *एक भन्दा बढी खाता हुने कार्यालयले खातागत रूपमा अभिलेख लेजर राखेको*<br>▪ *कोषको अवस्थामा बैंक दाखिला र नगद मौज्दातको जोड जम्मा भिडेको*<br>▪ *कोषको मासिक प्रतिवेदनहरूको जम्मा र वार्षिक विवरणको अंक भिडेको*<br>▪ *गत बर्षको नगद मौज्दात यस आ.ब.मा बैंक दाखिला गरेको*<br>▪ *राजश्व खाताको श्रेस्ताले देखाएको बैंक मौज्दात र बैंक स्टेटमेन्टले देखाएको खातागत रकम भिडेको* | | | | | |
| १०. | धरौटी तर्फको परीक्षण जाँचसूची<br>▪ *धरौटी रकम आम्दानी खर्च लेखेकोमा नियमपूर्वकको प्रकृया र पर्याप्त आधार प्रमाण संलग्न गरेको*<br>▪ *सदर स्याहा गरेकोमा सो रकम राजश्वमा आम्दानी बाँधेको*<br>▪ *नियमानुसार म्याद पुगेको धरौटी फिर्ता वा सदर स्याहा गरी खाता बन्द गरेको*<br>▪ *धरौटी फिर्ता गर्दा निर्दिष्ट मर्मत संभार अबधि बितेको र कर चुक्ता /समायोजन पत्र लिएको*<br>▪ *आ.व. को अन्त्यमा नाम नामेसी सहितको व्यक्तिगत धरौटीको विवरण तयार गरिको*<br>▪ *व्यक्तिगत नामनामेसी अनुसारको धरौटी खाता रकम र धरौटी बाँकीमा देखाइएको मौज्दात रकम भिडेको*<br>▪ *धरौटी खाताले देखाएको बाँकी रकम र बैंक स्टेटमेन्ट* | | | | | |

| सि.नं. | परीक्षण गर्नुपर्ने विषय | छ | छैन | वेरूजुको किसिम | | |
|---|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | असुल उपर | अनियमित |
| | *अनुसारको बाँकी भिडेको*<br>▪ *सार्वजनिक निर्माण र खरिदको लागि व्यवशायीबाट लिइएको बैंक ग्यारेण्टीको अभिलेख राखेको*<br>▪ *निर्माण व्यवशायी/आपूर्तिकर्ताको व्यक्तिगत धरौटी खाता राखेको* | | | | | |

अनुसूची -२

नियम (८) को उपनियम (५) संग सम्बन्धित

बेरूजुको तुलनात्मक विवरणको ढाँचा

सूर्योदय नगरपालिका

कार्यालय कोड नं. ....

आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणको बेरूजुको तुलनात्मक विवरण

कार्यालय संकेत नः

| आर्थिक वर्ष | बजेट उप शिर्षक नम्बर | आलेप बेरुजु दफा नं. | आलेप बेरुजुको छोटकरी व्यहोरा र बेरुजुसँग सम्बन्धीत व्यक्ति/संस्थाको नाम | बेरुजुको किसिम लगति/सैद्धान्तिक | अन्तिम लेखापरीक्षण हनुभन्दा अगाडि फस्यौंट रु. | आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजु अन्तिम लेखापरीक्षण पर्तिवेदनमा समावेश भई लगत कट्टा भएको रु. | अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश बेरुजु दफा र बेरुजुको छोटकरी व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची -३

नियम (९) को उपनियम (१) संग सम्बन्धित

बेरूजु लगतको ढाँचा

सूर्योदय नगरपालिका

कार्यालय कोड नं. ....

<u>लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको बेरूजुको लगत</u>

| आर्थिक बर्ष | बजेट उपशीर्षक नम्बर | बेरूजु दफा नम्बर | शुरु कायम बेरूजु रु. | यस आर्थिक बर्षको शुरुको बाँकी रु. | | | | यस आर्थिक बर्षमा फर्यौट रु | | | | फर्स्यौट भई बाँकी रहेको जिम्मेवारी सार्नुपर्ने रु. | | | | बेरूजुसँग सम्बन्धित व्यक्ति/संस्थाको नाम, बेरूजुको छोटकरी व्यहोरा र बेरूजु फर्स्यौट/सम्परीक्षण भएको जानकारी पत्रको चलानी नं. र मिति | बेरूजु रकम रु. | तत्कालिन लेखा प्रमुखको नाम | नगद असुली मिति | नगद असुली भौचर नं. | फर्यौट भएको मध्ये नगद असुली रु. | लगत कट्टा तथा सम्परीक्षणको लागि पेश भएको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नियमित | असुल | पेश्की | जम्मा | नियमित | असुल | पेश्की | जम्मा | नियमित | असुल | पेश्की | जम्मा | | | | | | | कु.चो तथा मा | म.ले.प.को कार्यालय | जम्मा |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | |

**पर्यटकीय नगरी**

**सूर्योदय नगरपालिका, इलाम**

# सूर्योदय नगरपालिकाको विद्यालय कार्यसम्पादन निर्देशिका २०७८

(सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६को दफा ५४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को खण्ड 'ज' अनुसार तयार गरिएको )

सूर्योदय नगरपालिकाको विद्यालय कार्यसम्पादन निर्देशिका २०७८

**नगर कार्यापालिकाबाट स्वीकृत मिति- २०७८-०६-०७**

**प्रस्तावना:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को खण्ड 'ज' मा उल्लेख भए अनुसार आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरुको कार्यान्वयन गर्न र विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउन सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाबाट विद्यालय कार्यसम्पादन निर्देशिका २०७८ जारी गरी लागू गरिएको छ।

परिच्छेद १

प्रारम्भिक

**सङक्षिप्त नाम र प्रारम्भ**

१. सङक्षिप्त नाम र प्रारम्भ

१) यो निर्देशिकाको नाम "सूर्योदय नगरपालिका विद्यालय कार्यसम्पादन निर्देशिका २०७८ " रहेकोछ।

२) कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपछि तुरुन्त लागू हुनेछ।

२) परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा-

क) "ऐन" भन्नाले सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६ सम्झिनु पर्छ र सो शव्दले प्रचलित शिक्षा ऐनलाई समेत बुझाउँछ।

ख) "कार्यपालिका" भन्नाले सूर्योदय नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

ग) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको सूर्योदय नगरपालिका सम्झनु पर्छ।

घ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा काम गर्न तोकिएको शाखा अधिकृतलाई सम्झनु पर्छ।

ङ) "स्रोतव्यक्ति" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्राविधिक सहयोग गर्नका लागि तोकिएको व्यक्ति सम्झनु पर्छ।

च) "प्रधानाध्यापक " भन्नाले कानुन बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ।

छ) "नगर प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

झ) "व्यवस्थापन समिति" भन्नले प्रचलित कानुन बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

ट) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा सम्बन्धी काम गर्ने शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

ठ) "वडाध्यक्ष" भन्नाले वडा कार्यालयको प्रमुखलाई सम्झनु पर्छ।

ड) "अभिभावक" भन्नाले विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै तथा निजको संरक्षण गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

ढ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने एक वर्षभरिको अवधि सम्झनु पर्छ।

ण) "संस्थागत विद्यालय " भन्नाले निजी लगानीमा सञ्चालन गर्ने गरी अनुमति पाई स्थापना भएको विद्यालय सम्झनु पर्छ।

**परिच्छेद २**

कार्यसम्पादन सम्झौताका सूचकहरु

**नगरपालिका र विद्यालयका प्रधानाध्यापकबीच हुने कार्यसम्पादन सम्झौताका कार्य क्षेत्रहरु**

३.नगरपालिका र विद्यालयका प्रधानाध्यापकबीच निम्न कार्यक्षेत्रका आधारमा कार्यसम्पादन सम्झौता हुनेछ। उक्त कार्यक्षेत्र अनुसारका सूचकहरुको कार्यान्वयन गराउने दायित्व नगरपालिका, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ।

**मूख्य नतिजाका क्षेत्रहरु**

विद्यालयको उद्देश्य र लक्ष्य हासिल गर्न प्रधानाध्यापकले सम्पादन गर्ने कार्यहरुहरुलाई देहायका प्रमुख क्षेत्रहरुमा विभाजन

गरिएको छ । प्रत्येक कार्यक्षेत्रसँग सम्बन्धित नतिजाका क्षेत्रहरुलाई नतिजामूलक कार्यसम्पादन परिसूचक तथा परिमाणात्मक लक्ष्यका आधारमा अनुसूची ३ मा निर्धारण गरिएका छन् ।

१. नीति, योजना तर्जुमा, बैठक तथा कार्यान्वयन
२. अतिरिक्त क्रियाकलाप
३. अनुगमन तथा मूल्याङ्कन
४. आर्थिक प्रशासन तथा वित्तीय अनुशासन
५. वालमैत्री सूचकको कार्यान्वय
६. शैक्षिक गुणस्तर सुधार
७. शैक्षिक तथा भौतिक पूर्वाधार
८. समुदाय केन्द्रित क्रियाकलाप
९. सम्पत्तिको संरक्षण, व्यवस्थापन र सरसफाई
१०. सुशासन तथा सार्वजनिक जवाफदेहीता
११. सूचना सञ्चार प्रविधिको उपयोग
१२. वैकल्पिक सिकाई
१३. विपद जोखिम न्यूनीकरण

४. (क) दफा ३ अनुसारको कार्यक्षेत्रका शैक्षिक उपलब्धि हासिल गर्न नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले विद्यालयका प्रधानाध्यापकसँग नतिजामूलक कार्यसम्पादन परिसूचक तथा परिमाणात्मक लक्ष्यका आधारमा अनुसूची ३ बमोजिम नगरपालिका प्रमुख, सम्बन्धित वडाका वडाध्यक्ष र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको रोहवरमा कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

(ख) दफा ३ अनुसारको सम्झौता सम्पूर्ण विद्यालयहरुसित अनिवार्य गराउनु पर्नेछ।

(ग) सम्झौता पश्चात नगरपालिकाले विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई उक्त सम्झौता कार्यान्वयन गर्न पहिलोपटक अभिमुखीकरण गराउनु पर्नेछ।

(घ) कुनै कारणले सम्झौता भए पश्चात प्रधानाध्यापक परिवर्तन भएमा पहिलेको प्रधानाध्यापकसित गरेको सम्झौता बहालबालाको हकमा समेत लागू हुनेछ। सोको जानकारी पहिलेको प्रधानाध्यापकले बहालबालालाई गराउनु पर्नेछ।

(ङ) कार्यसम्पादन मूल्याङ्कन गर्न नगरपालिकाले शिक्षा शाखा प्रमुखको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना कर्मचारी सहित २ सदस्यीय समिति गठन गरी शैक्षिक सत्र समाप्तिको ४ महिनाभित्र प्रत्येक विद्यालयमा पठाउनेछ। उक्त समितिले मूल्याङ्कन गर्ने कार्यादेश पाएको ४५ दिनभित्र मूल्याङ्कन प्रतिवेदन अनुसुची -५ को ढाँचामा नगरपालिकामा सिफारिस सहित पेश गर्नुपर्नेछ।

(च) मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदन उपर नगर शिक्षा समितिमा छलफल गर्नुपर्नेछ। नगर शिक्षा समितिमा छलफल गरी उक्त प्रतिवेदन सुझाव सहित कार्यान्वयनका लागि नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ। नगर शिक्षा समितिले पेश गरेको प्रतिवेदन उपर नगरकार्यपालिकामा छलफल गर्नुपर्नेछ।प्रतिवेदनमा उल्लिखित कुनै विद्यालयको शैक्षिक उपलब्धीका सम्बन्धमा शङ्का लागेमा वा उजुरी परेमा नगर शिक्षा समितिले छुट्टै मूल्याङ्कन समिति गठन गरी त्यस्ता विद्यालयको पुन: मूल्याङ्कन गर्न गराउन सक्नेछ।

(छ) मूल्याङ्कनबाट प्राप्त निष्कर्षका आधारमा नगर कार्यपालिकाले विद्यालयहरुलाई अनुसूची ६ मा उल्लिखित आधारमा वर्गीकरण गरिनेछ ।

(ज) वर्गीकरणमा उत्कृष्ट ठहरिएका तीन विद्यालयहरुलाई नगरपालिकाको स्थापना दिवसको अवसरमा निम्नानुसार पुरस्कृत गरिनेछ। मूल्याङ्कन समितिले उत्कृष्ट ३ विद्यालयको नाम समेत अनुसूची -६ का साथ पेश गर्नुपर्नेछ।

-प्रथम हुने विद्यालयलाई रु. २,००,०००/- र सम्मान पत्र
- दोस्रो हुने विद्यालयलाई रु.१,५०,०००/- र सम्मान पत्र
- तेस्रो हुने विद्यालयलाई रु. १,००,०००/- र सम्मान पत्र

(झ) दफा ४ (ज) मा उल्लिखित पुरस्कृत हुने विद्यालयले पुरस्कार रकमको ५०% रकम वि.व्य.स.को निर्णय गराई शिक्षकको क्षमता विकासमा प्रयोग गर्नुपर्नेछ। र बाँकी ५०% रकम शिक्षकलाई तह र श्रेणी अनुसार प्रोत्साहनको रुपमा वितरण गर्नुपर्नेछ। यी दुवै शीर्षकको रकमको खर्चको जानकारी र बिल भरपाई नगरपालिकामा पेश गर्नुपर्नेछ।

(ञ) सिकाइ उपलब्धिस्तर कम भएका विद्यालयलाई शिक्षा शाखाद्वारा पहिलोपटकलाई चेतावनी दिइनेछ। दोस्रो वर्ष पनि उक्त विद्यालयको सिकाइ उपलब्धी स्तर कमजोर देखिएमा विद्यालयलाई शिक्षा शाखाले दोस्रो पटक पनि चेतावनी दिनेछ। तेस्रो पटकपनि विद्यालयको सिकाइ स्तर कमजोर नै रहेमा विद्यालयको नाम र सबै शिक्षकको नाम रेडियो र पत्रपत्रिकामा सार्वजनिक गरिनेछ र प्रचलित कानुन अनुसार विद्यालयको प्र.अ. परिवर्तन तथा कम उपलब्धी प्राप्त गर्ने शिक्षकको सरुवा प्रक्रिया अगाडि बढाइनेछ।

५. प्रधानाध्यापक र विद्यालयका शिक्षकहरुबीच निम्न कार्यक्षेत्रमा सूचकहरुका आधारमा कार्य सम्झौता हुनेछ। उक्त सूचकहरुको कार्यान्वयन गर्ने गराउने दायित्व शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकको हुनेछ। शैक्षिक उपलब्धिस्तर वृद्धि गर्न विद्यालयका प्रधानाध्यापकसँग सम्बन्धित विद्यालयका शिक्षकहरुले निम्न सूचकहरुका आधारमा अनुसूची ४ मा उल्लिखित कार्यसम्पादन सम्झौता बमोजिम सम्बन्धित वडाका वडाध्यक्ष, शिक्षा शाखाका प्रमुख र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको रोहवरमा कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ।

१. शैक्षणिक योजना, सामग्री निर्माण स्वीकृति र कार्यान्वयन
२. अतिरिक्त क्रियाकलाप, बालकेन्द्रित विधिको प्रयोग र जिम्मेवारी
३. प्रश्न पत्र निर्माण, उत्तर कुञ्जिका निर्माण तथा नतिजा प्रकाशन र उपलब्धि विश्लेशण
४. बाल मैत्री वातावरण अनुसन्धान तथा तालिम सहभागिता

६. (क) मूल्याङ्कन समितिले दफा ५ का कार्यक्षेत्रका आधारमा अनुसूची ७ मा उल्लिखित ढाँचामा प्रत्येक शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्नेछ। सिकाइ उपलब्धी स्तर सबैभन्दा बढी रहेका (तहगत रुपमा १/१ जना पर्नेगरी) शिक्षकलाई पुरस्कृत गर्न नगर शिक्षा समितिमा प्रतिवेदन सहित सिफारिस गर्नेछ।

(ख) मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदन उपर नगर शिक्षा समितिमा छलफलगरी कार्यान्वयनका लागि नगर कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ। नगर शिक्षा समितिले पेश गरेको प्रतिवेदन उपर नगर कार्यपालिकामा छलफल गर्नुपर्नेछ। कुनै शिक्षकको सिकाइ उपलब्धिका सम्बन्धमा शङ्का लागेमा /उजुरी परेमा नगर कार्यपालिकाले छुट्टै मूल्याङ्कन समिति गठन गरी त्यस्ता विद्यालयको पुन: मूल्याङ्कन गर्न गराउन सक्नेछ।

(ग) मूल्याङ्कनबाट प्राप्त निष्कर्षका आधारमा नगर कार्यपालिकाले सबैभन्दा बढी शैक्षिक उपलब्धी हासिल गर्ने प्रत्येक विद्यालयको प्रत्येक तहको १/१ जना शिक्षकलाई नगरपालिकाको स्थापना दिवसको अवसरमा नगद रु.१,०००/- र सम्मान पत्र सहित पुरष्कृत गर्नेछ। (कक्षा ५-१२ को अङ्ग्रेजी, गणित र विज्ञान विषयको हकमा १० अङ्क घटी भएमा समेत अरु सरह मूल्याङ्कन गर्न सकिने) । तर उपलब्धिस्तर कमजोर र सामान्य रहेका शिक्षक र दफा (४ ज) बमोजिम प्रथम, दोश्रो र तेस्रो हुने विद्यालयका शिक्षकलाई यस दफा बमोजिम कुनै पनि पुरस्कार प्रदान गरिने छैन।

(घ) सिकाइस्तर कमजोर रहेका विद्यालयका शिक्षकलाई नगरपालिकाको शिक्षा शाखाले पहिलोपटकलाई चेतावनी दिनेछ। दोस्रो वर्षपनि उक्त शिक्षकको सिकाइ उपलब्धिस्तर कमजोर देखिएमा उक्त शिक्षकलाई शिक्षा शाखाले दोस्रो पटक पनि चेतावनी दिनेछ। तेस्रो पटकपनि सिकाइ स्तर कमजोर नै रहेमा उक्त शिक्षकको नाम रेडियो र पत्रपत्रिकामा सार्वजनिक गरिनेछ र प्रचलित कानुन अनुसार सरुवा प्रक्रिया अगाडि बढाइनेछ।

## परिच्छेद-३
## विविध

७. जिम्मेवारी रहने

(क) विद्यालयका प्रधानाध्यापक शिक्षा शाखा, वडा कार्यालय, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछन् ।

(ख) शिक्षक, वाल शिक्षक एवम् कर्मचारी विद्यालयको कामका लागि प्रधानाध्यापकप्रति जिम्मेवार हुनेछन्। निजहरुले गुणस्तरीय शिक्षाका लागि नगरपालिका, शिक्षा शाखा अधिकृतले प्रचलित कानुन बमोजिम दिएको निर्देशन पालना गर्नुपर्नेछ। अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरुले प्रधानाध्यापकसँग सहकार्य गर्नुपर्नेछ ।

(ग) विद्यार्थीलाई विद्यालयमा टिकाउने र अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकको हुनेछ ।

(घ) कुनै अभिभावक वा संरक्षकले विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाउन अटेर गरेमा/नपठाएमा निजलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट बन्चित गर्न सकिनेछ ।

(ङ) संस्थागत विद्यालयको हकमा नगरपालिकाले छुट्टै निर्देशिका जारी गरी लागू गर्नेछ ।

(च) यो निर्देशिकामा उल्लिखित कार्यका लागि आवश्यक प्राविधिक तथा आर्थिक सहयोग जुटाउने प्रमुख दायित्व शिक्षा,युवा तथा खेलकुद शाखाको हुनेछ ।

८. संशोधन: यस निर्देशिकामा समयसापेक्ष आवश्यक संशोधन गर्न सकिनेछ।

९. बाधा अड्काउ फुकाउने :- यो निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो सम्वन्धमा आवश्यक पर्ने व्यवस्था गर्ने र आदेश दिने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ।

१०. कार्य सम्पादनको सम्वन्धमा यस अघि भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

११. बचाउ तथा खारेजी :- यो निर्देशिकामा लेखिए जति यसै बमोजिम र यसमा नलेखिएका अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

१२. बाझिएमा :- यस निर्देशिकामा भएका कुनैपनि व्यवस्था नेपालको संविधान तथा प्रचलित संघीय कानुन  तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म बदरभागी हुनेछ।

अनुसूची-१

विषय शिक्षकको कक्षा सुपरिवेक्षण गर्दा प्र.अ.ले प्रयोग गर्ने लगबुक

| क्र.स. | शिक्षकको नाम | विषय | …….. महिना | …….. महिना | ……… महिना | …….. महिना | …………. महिना | ……… महिना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |
| ११ | | | | | | | | | |
| १२ | | | | | | | | | |
| १३ | | | | | | | | | |
| १४ | | | | | | | | | |
| १५ | | | | | | | | | |
| १६ | | | | | | | | | |
| १७ | | | | | | | | | |
| १८ | | | | | | | | | |
| १९ | | | | | | | | | |
| २० | | | | | | | | | |

विद्यालयको नाम:……..……………….

प्रधानाध्यापकको नाम… …………….

दस्तखत……………………..

शिक्षकको नाम………………………………..

दस्तखत……………….

अनुसूची-२

विद्यालयको औसत सिकाइ उपलब्धि फाराम

| कक्षा | विद्यार्थी सं. | विषय | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | हाम्रो सेरोफेरो | | | स्थानीय विषय | | | जम्मा | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कार्य घण्टा वार्षिक | १६० | | | १२८ | | | १२८ | | | २५६ | | | १६० | | | ८३२ | | | कक्षागत सि.उ. | | | |
| | | साल | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | नयाँ पाठ्यक्रम अनुसार |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा सि.उ. | | | | | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्ने　　　　　　　　　　रुजु गर्ने　　　　　　　　　　प्रमाणित गर्ने

अनुसूची-२

विद्यालयको औसत सिकाइ उपलब्धि फाराम

| कक्षा | विद्यार्थी सं. | विषय | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | विज्ञान स्वा.शा. | | | सामाजिक/सिक | | | स्थानीय विषय | | | जम्मा | | | कक्षागत सि.उ. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | १०० | | | १०० | | | १०० | | | १०० | | | १०० | | | १०० | | | ६०० | | | | | | |
| | | साल | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा सि.उ. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्ने

रुजु गर्ने

प्रमाणित गर्ने

